# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्री ५ महाराजाधिराज सरकारबाट नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका निम्नाँकित अधिकृतहरूलाई सोही सेवाको विशिष्ट श्रेणीमा पदोन्नति गरिदिनु हुकुम बक्स भएको व्यहोरा प्रमुख सचिवालय, राजदरबारको मिति २०४३।६।१२ को पत्रबाट लेखी आएकोले निजहरूलाई प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीबाट विशिष्ट श्रेणीमा पदोन्नति गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | नाम र थर | साविक पद र कार्यालय | बढुवा भई पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री जीवनलाल सत्याल | रा. प. प्रथम श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | सचिव, भूमिसुधार मन्त्रालय । |
| २. | श्री नरेन्द्रविक्रम शाह | रा. प. प्रथम श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | सचिव, परराष्ट्र मन्त्रालय । |
| ३. | श्री मुकुन्दसम्शेर थापा | रा. प. प्रथम श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | सचिव, रक्षा मन्त्रालय । |
| ४. | श्री बबुग्रन ठाकुर | रा. प. प्रथम श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | मुख्य अधिकृत, विशेष प्रहरी विभाग । |

## सूचना २

श्री ५ महाराजाधिराज सरकारबाट कृषि सेवा, रा. प. प्रथम श्रेणीका अधिकृत श्री अक्रुरनरसिंह राणालाई कृषि सेवाबाट प्रशासन सेवामा सेवा परिवर्तन गरी प्रशासन सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा पदोन्नति गरिदिनु हुकुम बक्स भएको व्यहोरा प्रमुख सचिवालय, राजदरबारको मिति २०४३।६।१२ को पत्रबाट लेखी आएकोले निजलाई कृषि सेवाबाट प्रशासन सेवामा सेवा परिवर्तन गरी प्रशासन सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा पदोन्नति गरी कृषि मन्त्रालयको सचिव पदमा पदस्थापन गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।



४५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ महाराजाधिराज सरकारबाट शिक्षा सेवा, रा.प. प्रथम श्रेणीका अधिकृत श्रीमती चन्द्रकला किरणलाई शिक्षा सेवाबाट प्रशासन सेवामा सेवा परिवर्तन गरी प्रशासन सेवाको राजपत्रांकित विशिष्ट श्रेणीमा पदोन्नति गरिदिनु हुकुम बक्स भएको व्यहोरा प्रमुख सचिवालय, राजदरबारको मिति २०४३।६।१२ को पत्रबाट लेखी आएकोले निजलाई शिक्षा सेवाबाट प्रशासन सेवामा सेवा परिवर्तन गरी प्रशासन सेवाको राजपत्रांकित विशिष्ट श्रेणीमा पदोन्नति गरी स्वास्थ्य मन्त्रालयको सचिव पदमा पदस्थापन गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ४

श्री ५ महाराजाधिराज सरकारबाट नेपाल न्याय सेवा, रा.प. प्रथम श्रेणीका अधिकृत श्री अच्युतनारायण राजभण्डारीलाई सोही सेवाको विशिष्ट श्रेणीमा पदोन्नति गरिदिनु हुकुम बक्स भएको व्यहोरा प्रमुख सचिवालय, राजदरबारको मिति २०४३। ६।१२ को पत्रबाट लेखी आएकोले नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा पदोन्नति गरी निजलाई अख्तियार दुरूपयोग निवारण आयोगको सचिव पदमा पदस्थापन गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

## सूचना ५

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संस्थसंग हुने वार्तामा भागलिन संयुक्त राज्य अमेरिका प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री शशिनारायण शाहलाई मिति २०४३।१०।९ देखि का. मु. मुकरर गरेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[redacted]

## राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

गण्डकी अंचल, तनहुं जिल्लाबाट निर्वाचित भै राष्ट्रिय पंचायतमा प्रतिनिधित्व गर्नु हुने माननीय श्री नरबहादुर गुरुङले मिति २०४३।९।८ मा राष्ट्रिय पंचायतका माननीय अध्यक्ष समक्ष राष्ट्रिय पंचायतको सदस्यताबाट लिखित सूचनाद्वारा राजिनामा दिनु भएकोले उक्त जिल्लाबाट राष्ट्रिय पंचायतमा प्रतिनिधित्व गर्नुहुने सदस्यको एक स्थान रिक्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
स्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक श्री भुवनेश्वर खत्री मिति २०४३।९।१५ देखि क्रिया बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो महालेखा नियन्त्रक पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सह-सचिव श्री श्यामविहारीलाल श्रीवास्तवलाई सोही मितिदेखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय जुम्लाका प्र. जि.अ. श्री रामानन्द मिश्र काजमा जानुभएको हुंदा सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बुद्धिराज घिमिरेलाई मिति २०४३।८।१८ देखि का. मु. मुकरर गरेको छ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।